☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३
च.नं. (Dis No.):

मितिः २०८३/०४/०८
ने.सं.: ११४६, दिल्लाथ्व दशमी

**आ.ब. २०८३।८४ का लागि सहजी बसपार्कमा पार्किङ शुल्क वापतको रकम संकलन गर्ने कार्यको लागि दरभाउ-पत्र आह्वान गरिएको सम्बन्धी**

## सूचना! सूचना!! सूचना!!!

**(दोस्रो पटक प्रकाशित मिति : २०८३।०४।०८)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रही यस कार्यालयको मिति २०८३।०३।२२ को निर्णयानुसार आर्थिक वर्ष २०८३/०८४ का लागि बेसीशहर नगरपालिका वडा नं. ७ स्थित सहजी बसपार्कमा पार्किङ शुल्क संकलन गर्ने कार्यको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले कानूनी प्रकृया पुरा गरेका इच्छुक व्यक्ति वा फर्महरुले दर्ता/नवीकरणको प्रमाण-पत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाण, कर चुक्ताको प्रमाण-पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधिनमा रही ईजिपी र हार्डकपी दुबै माध्यामबाट ठेक्का प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीका लागि मिति २०८३।०३।३० गते ७ (सात) दिनको सूचना प्रकाशन गरिएकोमा कुनैपनि दरभाउ पत्रहरु पेश हुन नआएकोले यस कार्यालयको मिति २स०८३।०४।०७ को निर्णयानुसार पुनः दोस्रो पटक ७ (दिन)को लागि यो सूचना प्रकाशन गरिएको छ । अन्य थप जानकारीका लागि यस कार्यालयको वेभसाईट www.besishaharmun.gov.np तथा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

**ठेक्काको विवरण**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको बिवरण | वडा नं. | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १. | Besishaharmun/ Revenue/SQ/083/84/01 | सहजी बसपार्कमा पार्किङ शुल्क संकलन गर्ने कार्य | ७ | ३,००,०००।- (तीन लाख) | कबोल अंकको ५% | १०००।- |

**<u>बोलपत्रसँग सम्बन्धित शर्तहरू</u>**

१) यो ठेक्काको अवधि २०८३ श्रावण १ गतेदेखि २०८४ असार मसान्तसम्म एक बर्षको लागि हुनेछ। यस कार्यालयले निर्धारण गरेको दररेटभन्दा बढी रकम असूल गर्न पाईने छैन ।

२) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्र, करचुक्ता प्रमाण-पत्र र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपीका साथै वोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको आन्तरिक राजश्व खाता नं. ग-१-१-३०४०१००३०१०१०००२ मा नगद जम्मा गरी यस कार्यालयको राजश्व शाखाबाट दरभाउ पत्र खरिद गरी ८औं दिन अर्थात मिति २०८३।०४।१५ गते १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ । दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तैपछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ।

३) दरभाउ सम्वन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको ५% का दरले हुने रकम राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय बेसीशहरमा रहेको यस कार्यालयको धरौटी खाता नं. ग-३ ३०४०१००३०३००००२ मा जम्मा गरी सक्कलै बैंक भौचर वा नेपाल राष्ट बैंकबाट इजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा दरभाउ पत्रको व्यहोरा उल्लेख गरी दरभाउ खोलिने मितिबाट १२० दिन अवधी भएको बैंक जमानत-पत्र (Bank Guarantee) पेश गर्नु पर्नेछ।

सुजन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

४) रितपूर्वक पर्न आएका दरभाउ सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २.०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै, दरभाउ-पत्रदाता वा निजको प्रतिनिधि दरभाउ खोल्ने समयमा उपस्थित नभएमा वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तैपछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५) दरभाउ स्वीकृत भएमा सोको सूचना पाएको मितिले १० दिनभित्र आफूले कबोल गरेको रकम र सोको लाग्ने सम्पूर्ण कर (भ्याट तथा आय कर) सहित सम्झौताका लागि यस कार्यालयमा उपस्थित हुनुपर्नेछ । कबोल अंकको पुरै रकम बुझाउने भएमा न्यूनतम दरभाउ अंक बाहेकको रकममा १०% छुट दिइनेछ ।किस्ताको आधारमा रकम जम्मा गर्ने भएमा पहिलो किस्ता वापत (५०%) को रकम, पुरै कबोल अंकको लाग्ने भ्याट तथा आयकर रकम र दोस्रो किस्ता (५०% प्रतिशत) रकमको २०८४ साल असोज मसान्तसम्म म्याद भएको बैंक जमानत-पत्र सहित कार्यालयमा उपस्थित हुनु पर्नेछ । दोस्रो किस्ता बापतको रकम २०८३ साल चैत मसान्तभित्र जम्मा गरिसक्नुपर्नेछ अन्यथा सोही बैंक जमानत-पत्रबाट असूल उपर गरिनेछ ।

६) रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउ स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । दरभाउ स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७) प्रचलित नियमानुसार कालोसूचीमा परेका वा यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति/फर्महरुले पेश गरेका दरभाउ-पत्र फाराम उपर कुनै कारवाही हुनेछैन ।

८) तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा दरभाउ पेश भएको बखत राखिएको धरौटी रकम जफत गरी नियमानुसार ठेक्काको बन्दोबस्त गरिनेछ ।

९) ठेक्का सम्झौताका कुनै पनि शर्त उल्लङ्घन गरेमा नगरपालिकाले सम्झौता रद्द गर्न गरी धरौटी जफत गरी प्रचलित कानूनबमोजिम थप कारबाही गर्न सक्नेछ।

१०) प्रत्येक करदातालाई अनिवार्य रूपमा रसिद उपलब्ध गराउनु पर्नेछ। कर संकलन गर्दा नगरपालिकाबाट उपलब्ध गराइएको रसिद मात्र प्रयोग गर्नुपर्नेछ। ठेक्का अबधी समाप्त भएपछि प्रयोग भएका र नभएका सबै रसिदहरु फिर्ता गर्नु पर्नेछ ।

११) कर संकलनको अभिलेख दैनिक रूपमा अद्यावधिक राखी कार्यालयले मागेको बेला उपलब्ध गराउनुपर्नेछ। कर संकलनको क्रममा कुनै प्रकारको अनुचित शुल्क, सेवा शुल्क वा अतिरिक्त रकम लिन पाउने छैन।

१२) यस कार्यालयले निर्णय गरे बाहेक प्राकृतिक विपत्ति, बन्द, हड्ताल वा अन्य विशेष परिस्थितिका कारण कर संकलनमा कमी आए पनि ठेक्का रकममा कुनै छुट वा दाबी गर्न पाइने छैन ।

१३) यस कार्यालयबाट तोकिएका सम्वन्धित पक्षबाट मात्र पार्किङ शुल्कको कर संकलनको कार्य गर्नुपर्नेछ । यस कार्यालयको अनुमति विना निजी तवरबाट आफू खुशी शुल्कहरु तोकी कर छली गरी गराएको पाइएमा त्यस्ता ब्यक्ति वा संस्था कार्यवाहीको भागिदार हुनेछन् । बसपार्क क्षेत्रमा संचालन हुने विभिन्न किसिमका मेला, महोत्सव, खेलकुँद प्रतियोगिता संचालन हुँदा पार्किङ हुन आउने सवारी साधनहरुबाट समेत पार्किङ शुल्क उठाउनु पर्नेछ । अन्य ब्यक्ति तथा संस्थाको नामबाट उठाउन पाइने छैन ।

१४) सहजी वसपार्क भन्दा वाहिर बेसीशहर नगरपालिका क्षेत्रभित्र संचालन हुने मेला महोत्सव तथा विभिन्न कार्यक्रमहरु संचालन भएका वखत यस कार्यालयको अनुमति विना कुनै पनि ब्यक्ति वा संघसंस्थाहरुबाट पार्किङ शुल्क वापतको रकम संकलन गर्न पाइने छैन । त्यस्तो गरिएको पाइएमा नियमानुसार र निर्णयानुसार कार्यवाही गरिनेछ ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

☎(फोन नं.): ०६६-५२०१५०

बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. (Ref No.): २०८२/०८३

च.नं. (Dis No.):

१५) कर संकलन गर्दा सार्वजनिक शान्ति, सुरक्षा तथा स्थानीय कानूनको पूर्ण पालना गर्नुपर्नेछ। कुनै पनि सामग्री हटाउने, जफत गर्ने वा कारबाही गर्ने अधिकार ठेकोदारको पक्षतर्फ रहने छैन। त्यस्तो कार्य नगरपालिकाको निर्देशनमा मात्र गर्नुपर्नेछ।

१६) यस सुचनामा उल्लेख भएका शर्तहरु ठेक्काको सम्झौता प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छन्। यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएका विषय सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०८३ तथा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

सुमन अधिकारी
प्रमुख प्रशासकीय अधिकृत